# नेपालमण्डलमा प्रचलित महायान बुद्धधर्मको अवधारणा, वर्तमान स्थिति र सुधारको निमित्त उपायहरु

**– पुण्यप्रसाद पराजुली**

(लोटस रिर्सच सेन्टरको तत्वावधानमा नोभेम्बर महिनाको पहिलो सातामा हुन लागेको नेपालमण्डलको संस्कृति बारेको गोष्ठीको लागि यो कार्यपत्र तयार पारिएको छ। नेपालमण्डलमा प्रचलित महायान बुद्ध धर्मको सैद्धान्तिक पक्षको बारेमा संस्कृत भाषाका बौद्ध ग्रन्थ र तिब्वती अनुवादमा प्राप्त ग्रन्थहरुको प्रयोग गरिएको छ । यस सिलसिलामा बौद्ध गुरु आचार्य श्रीधर राणाज्यूबाट धेरै पक्षहरुमा सुझाव लिइएको छ । नेपालमण्डलका वज्राचार्य गुरुहरुसंग पनि अर्न्तवार्ता गरी यो कार्य पत्र तयार पारिएको छ।)

परिचय :

नेपालमण्डलमा लिच्छवी कालदेखि नै बौद्धधर्मको व्यापक प्रचार प्रसार भएको कुरा लिच्छवीकालीन अभिलेखहरुबाट पनि स्पष्ट हुन्छ । नेपालमण्डलका बौद्धमार्गीहरु भारतका नालन्दा, विक्रमशील आदि बौद्ध महाविद्यालयहरुमा अध्ययन गर्न जान्थे भने तिब्वती बौद्धधर्म गुरुहरु काठमाण्डू उपत्यकामा अध्ययन गर्न आँउथे । धेरै नेपाली बौद्ध गुरुहरुले तिब्वतमा गएर बौद्धधर्म सिकाएका थिए । तिब्वतमा बौद्धधर्म स्थापना गर्नमा नेपाली राजकुमारी भृकुटीको ठूलो हात छ । मध्यकाल सम्म नेपाल मण्डल बौद्धधर्मको उर्वर भूमिको रुपमा रहेको पाइन्छ।

एघारौं शताब्दि पछि भारतीय बौद्ध महाविद्यालयहरु (विहारहरु) ध्वस्त भएपछि नेपाली बौद्ध विद्वानहरु भारत गएर पढ्ने क्रम अन्त भयो । साथै जयस्थिति मल्लको पालामा बौद्ध भिक्षुहरुलाई गृहस्थ बनाएर काम तोकि दिने व्यवस्था भयो जसले गर्दा नेपालमण्डलको बौद्धधर्ममा प्रतिकूल असर पर्न गयो।

यहाँ बौद्धधर्मका सैद्धान्तिक र व्यावहारिक पक्षहरु मध्ये सैद्धान्तिक पक्ष कमजोर देखिए पनि व्यावहारिक पक्ष चाहिँ अझ पनि प्रवल रहेको पाइन्छ। अब बौद्धधर्मको सैद्धान्तिक र व्यावहारिक पक्षहरुको विस्तारमा चर्चा गरिने छ।

## महायान बौद्धधर्मको सैद्धान्तिक आधार

भगवान् बुद्धले व्यक्तिहरुको क्षमता हेरेर विभिन्न वर्गका व्यक्तिलाई उपयुक्त हुने उपदेशहरु दिनुभयो । ती उपदेशहरुलाई श्रावकयान, प्रत्येक बुद्धयान र बोधिसत्वयानमा समेट्न सकिन्छ । आफू भव सागरको दुःखबाट मुक्त भएर अर्हत् पदमा पुग्न खोज्ने मार्गलाई श्रावकयान भनिन्छ। क्लेशहरुको त्यागबाट नै अर्हत अवस्थामा पुगिने भएकोले यो यानमा भिक्षु जीवनमा जोड गरिन्छ । श्रावकयानमा भिक्षुहरु विहारमा रहेर भावना गर्छन भने प्रत्येक बुद्धयानमा एक्ला एक्लै बसेर भावना गर्छन। दुवैको दृष्टि भने उस्तै हुन्छ।

बोधिसत्वयानलाई महायान पनि भनिन्छ। महायानलाई पारमितायान र मन्त्रयानको रुपमा बाँडिएको छ (महायानं च द्विविधं पारमितायानं मन्त्रयानं चेति–अद्वय सिद्धि पृष्ठ १४) । पारमितायानलाई सूत्रयान भनिन्छ भने वज्रयानलाई मंत्रयान तथा तंत्रयान भनिन्छ। पारमितायान र मन्त्रयानको भूमि र फल (लक्ष्य) एउटै भए पनि लक्ष्य सिद्ध गर्ने तरीकामा भिन्नता रहेको पाइन्छ।



copyright©Lotus Research Centre, 2008

विनयप्रदीप नामक ग्रन्थमा आचार्य त्रिपिटक कमल बताउनु हुन्छ :

एकार्थत्वेअप्यसंमोहाद् बहूपायाददुष्करात् ।
तीक्ष्णेन्द्रियाधिकाराच्च मन्त्रशास्त्रं विशिष्यते ॥

भावार्थ : सूत्रयान र मंत्रयानको एउटै उद्देष्य भए पनि असंमोह भएकाले, धेरै उपाय भएकाले, कठोर तपस्या गर्नु नपर्ने भएकाले र तीक्ष्ण इन्द्रिय भएका व्यक्तिहरुको लागि उपयुक्त हुने भएकाले मन्त्रशास्त्र (यान) सूत्रयान भन्दा विशिष्ट छ ।

नाम अलग अलग भए पनि वज्रयानमा पारमितायानमा बताइने शून्यता कै चर्चा हुन्छ । जस्तै :

वज्रेण शून्यता प्रोक्ता सत्वेन ज्ञानमात्रता ।
तादात्म्यमनयोः सिद्धं वज्रसत्व स्वभावतः ॥ (अद्वयवज्र संग्रह)

यसबाट वज्र र शून्यता भन्ने एउटै कुरा देखिन्छन् । दुःखबाट मुक्त गराउनको लागि मन्त्रयानमा अनगिन्ती उपायहरु हुने भएकाले यसलाई उपाययान पनि भनिन्छ । अभ्यास गर्ने व्यक्तिको क्षमता अनुसार तन्त्रयानलाई चार वर्गमा बाँडिन्छ । बाहिरी क्रियाकलाप (स्नान, पूजा, होम आदि) मा जोड दिने तंत्रलाई क्रियातंत्र भनिन्छ भने बाहिरी र भित्री क्रियाकलापहरुमा समान रुपमा जोड दिइने तंत्रलाई चर्यातंत्र भनिन्छ । बाहिरी कुराहरुमा कम जोड दिएर भित्री योगहरुमा धेरै जोड दिइने तंत्रलाई योगतंत्र भनिन्छ । त्यस्तै बाहिरी क्रियाकलापलाई खाश महत्व नदिइने तर भित्री योगहरुमा अत्याधिक मात्रामा जोड दिइने तंत्रलाई अनुत्तर योग तंत्र भनिन्छ । नेपालमण्डलका वज्राचार्यहरुमा यी चार वटै तंत्रहरुको अभ्यास चली आएको पाइन्छ । यहाँ प्रचलित चक्रसम्वर, योगाम्वर, हेवज्र आदि तंत्रहरु अनुत्तर योग तंत्रमा पर्दछन् ।

बौद्धधर्मका सबै पक्षहरुको सामान्य ज्ञान नभईकन तंत्रयानको सही अभ्यास हुन सक्तैन भन्ने कुरा हेवज्र तंत्रको विनय पटलको निम्न श्लोकले स्पष्ट रुपमा देखाँउछ ।

पोषधं दीयते प्रथमं तदनु शिक्षापदं दशम् ।
वैभाष्यं तत्र देशेत सूत्रान्तं वै पुनस्तथा ॥
योगाचारं ततः पश्चात तदनु मध्यमकं दिशेत् ।
सर्व मन्त्र नयं ज्ञात्वा तदनु हेवज्रमारभेत ॥

भावार्थ : शुरुमा उपोषध व्रत गराउनु पर्छ । त्यसपछि दश शिक्षापद (दश कुशल कर्म) विषयको उपदेश दिनु पर्छ । वैभाषिक, सौत्रान्त्रिक, योगाचार (चित्तमात्र) र माध्यमिक दर्शनको अध्ययन गराई सकेपछि मन्त्र यानको कुराहरु सिकाउनु पर्छ । त्यसो गरिसकेको व्यक्तिले हेवज्र अभ्यास शुरु गर्नु पर्छ ।

यसबाट के देखिन्छ भने बुद्धधर्मका श्रावकयान तथा महायानको दार्शनिक पक्षको गम्भीर अध्ययन नभए सम्म सही वज्रयान साधक हुन सकिन्न । यस्तै आशयका कुराहरु चक्रसंवर, महामाया, कालचक्र आदि तंत्रहरुमा पनि पाइन्छन् । यसबाट के देखिन्छ भने तीक्ष्ण इन्द्रिय भएको व्यक्तिले सद्गुरुको समीपमा रहेर मात्र तंत्रयानको अभ्यास गर्न सक्छ । नत्र तंत्रयानलाई कर्मकाण्ड संग्रहको रुपमा मात्र हेर्न सकिन्छ । यही कुरा नेपालमण्डलको वज्रयानमा देखा परेको छ । विदेशी तथा स्वदेशी विद्वानहरुले वज्रयानको सैद्धान्तिक पक्षलाई ख्याल नगरीकन सतही रुपमा मात्र व्याख्या गरेको पाइन्छ । माथि प्रयुक्त वज्रयान, तंत्रयान र मंत्रयान सबै महायान अर्न्तगतको एक शाखाका पर्यायवाची नामहरु हुन् । त्यसैलाई गुह्ययान, उपाययान, सहजयान पनि भन्ने गरेको पाइन्छ । नेपालमण्डलमा पारमितायान मात्र अभ्यास गर्ने पद्धति नभएकाले महायान र वज्रयानलाई पर्यायवाची शब्दको रुपमा लिन सकिन्छ ।



copyright©Lotus Research Centre, 2008

वज्रयान किन गोप्य छ त ?

बौद्धधर्मका श्रावकयान (थेरावाद) र पारमितायान (सूत्रयान) का उपदेशहरु सबै व्यक्तिहरुका लागि खुला हुन्छन् । साधकहरुले ती उपदेशहरुको आधारमा ध्यान भावना पनि गर्न सक्छन भने विद्वानहरुले अध्ययन मात्र गरेर विश्लेषण पनि गर्न सक्छन् । तिनीहरुको अरु प्रचलित धर्महरुसंग तुलनात्मक अध्ययन पनि गर्न सकिन्छ । तर महायान अर्न्तगतको वज्रयानका उपदेशहरुलाई विशेष परिस्थितिमा मात्र अभ्यास र व्याख्या गर्न सकिन्छ ।

वज्रयानको ढोकामा पस्नको लागि सर्वप्रथम भगवान् बुद्धदेखि अविछिन्न परम्परा भएको सुयोग्य गुरुबाट अभिषेक (दीक्षा) पाएकै हुनु पर्छ । त्यही दीक्षालाई नै नेपालमण्डलमा 'देखा' भनिन्छ । जुन सुकै वज्रयानी अभ्यासको लागि देखा पाएकै हुनु पर्दछ । त्यसपछि मात्र वज्रयानका विविध पक्षहरुको व्याख्या हुन्छ । भारत वर्षमा बौद्धधर्मको व्यापक प्रचार प्रसार भएको वखतमा पनि यस्तै परम्परा कायम थियो भने नेपालको उत्तरी भेग, तिब्वत, भुटान आदि स्थानमा अहिले पनि वज्रयानको व्याख्या त्यसरी नै गरिएको पाइन्छ । नेपाल मण्डलमा पनि वज्रयान गुह्य (गोप्य) हुनुको कारण त्यही हो ।

वज्रयानको अभिषेक (देखा) नपाइकन गरिएका व्याख्याहरुले गर्दा नै अहिले धेरै भ्रमहरु प्रचलित छन् । वज्रयानमा बौद्ध दर्शनका कुराहरुलाई प्रतीकको रुपमा प्रस्तुत गरिएको हुन्छ । वज्रयानको सांकेतिक भाषालाई सन्ध्याभाषा भनिन्छ । भगवान् बुद्ध देखि अटुट् परम्पराबाट आएका गुरुहरुबाट मात्र त्यस्तो सन्ध्या भाषामा लेखिएका उपदेशहरुको सही व्याख्या हुन सक्छ । संस्कृत भाषा जानेको विद्वान भए पनि गुरुबाट अभिषेक नपाएको व्यक्तिले व्याख्या गर्दा अन्ट सन्ट अर्थ मात्र दिएको पाइन्छ । त्यस्ता भ्रमपूर्ण व्याख्याहरुले गर्दा वज्रयानको विषयमा धेरै भ्रमहरु चलेका छन् । वज्रयानलाई हिन्दू तंत्रबाट प्रभावित विकृत बौद्ध धर्म हो भन्नु हाल सबभन्दा प्रचलित भ्रम हो । अब यो भ्रमको निराकरण गरिन्छ ।

हिन्दू र बौद्धतंत्रको भेद

हिन्दू तथा बौद्धधर्महरु एउटै संस्कृतिमा विकसित धर्महरु भएकाले दुवैमा साझा शब्दहरु पाइन्छन् । दुवै धर्ममा संस्कृत शब्दहरुको प्रचुर मात्रामा प्रयोग गरिएको हुनाले दुवै धर्मको सार एउटै हो भन्ने चलन पनि छ । शब्द उही भए पनि तिनीहरुको अर्थ फरक फरक हुन्छ । यहाँ तन्त्र शब्दको हिन्दू र बौद्धधर्ममा लगाइने अर्थहरुको चर्चा गरिन्छ ।

प्रसिद्ध हिन्दू तांत्रिक श्रीधर शम्शेर राणाज्यूले आफ्नो ग्रन्थ तन्त्रशास्त्रको पृष्ठ संख्या ३ मा तन्त्रको व्युत्पत्ति यसरी गर्नु भएको छ :

तननमिति तन्त्रम् या तन्यते अनेन इति तन्त्रम् अर्थात् तन् बिस्तारे धातुबाट ष्ट्रन प्रत्यय भएर तन्त्र बनेको भन्न सकिन्छ । यसरी भन्दा तन्त्रको अर्थ विस्तार गर्ने भन्ने हुन आँउछ । अतः जीव आदि बद्ध प्राणीहरुलाई परमात्मासंग मिलाउने गरी तन्काउने भएको हुनाले तन्त्र भनेको हो । त्र भन्नाले त्रायते भन्ने बुझिन्छ जसको अर्थ मुक्त गर्नु भन्ने हुन्छ । यसरी तंत्रको अर्थ तन्काएर मुक्त गर्ने भन्ने हुन्छ ।

यही कुरालाई आचार्य श्रीधर राणाज्यूले बुद्धिष्ट हिमालयको अंक ४ (सन् १९९२) को आफ्नो लेखमा विस्तारमा व्याख्या गर्नु भएको छ । उहाँको अनुसार नेपाली शब्द तान्नु पनि त्यही धातुबाट आएको हो । अष्टपाशबाट (काम, क्रोध, लोभ आदि) वद्ध सीमित जीवलाई तन्काएर अनन्त र असीम ब्रह्म, चित, चिदानन, चित् शक्ति, महामाया, परसंविद, परम शिव, परविन्दूमा पुऱ्याउनु तन्त्र हो । सम्पूर्ण हिन्दू तांत्रिक अभ्यासहरु यही तन्काएर मुक्त गर्ने सिद्धान्तमा आधारित भएको कुरा तन्त्र शास्त्रका ग्रन्थहरुमा स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

बौद्ध परिभाषा अनुसार तन्त्र भनेको प्रवन्ध हो । हेवज्र तन्त्र टीका अनुसार :

तन्त्रमिति प्रवन्धः । तच्च त्रिधा-हेतु तन्त्रम्, फल तन्त्रम्, उपायतन्त्रं च

अर्थ : प्रबन्ध नै तन्त्र हो । त्यो पनि हेतु, फल र उपाय तंत्र गरि तीन प्रकारका छन् । यहाँ प्रवन्ध भनेको सन्तान हो ।



copyright©Lotus Research Centre, 2008

त्यस्तै नवसूत्र संग्रह मध्येको तथागत गुह्यक अर्थात गुह्य समाज तन्त्रमा पनि यसो भनिएको छ :

प्रवधं तन्त्रमाख्यातंत् प्रबन्धं त्रिधा भवेत ।
आधार : प्रकृतिश्चैव असंहार्य प्रभेदत : ॥ (गु. स. १८.३३)

तिब्वती भाषामा तंत्रलाई ग्यु भनिन्छ जसको अर्थ सन्तान भन्ने हुन्छ । हाम्रो चित्तको स्वरुप नै तन्त्र हो । यही भूमि, मार्ग र फलमा सन्तानको रुपमा रहेको हुन्छ ।

यसरी शब्द उही भए पनि तंत्र शब्दको अर्थ हिन्दू र बौद्ध धर्ममा आकाश पाताल फरक छ । पाशयुक्त सीमित जीवलाई तन्काएर अनन्त ब्रह्ममा मिलाउनु भन्नु तथा हेतु, उपाय र फलको सन्तानता भन्नु एउटै कुरा होइनन् । दुवै धर्म अनुसारको तंत्रको अध्ययन र साधना गर्ने व्यक्तिले सजिलै संग यी दुईको भेद छुट्याउन सक्छ । धेरै व्यक्तिहरुमा हिन्दूधर्म धेरै पुरानो धर्म हो र बौद्धतन्त्रमा हिन्दू प्रभाव परेको छ भन्ने गलत छाप परेको पाइन्छ । प्रसिद्ध हिन्दूतन्त्र शास्त्रहरु रुद्रयामल र ब्रह्मयामल अनुसार वशिष्ट ऋषिले महाचीन गएर शिवरुपी बुद्धसंग तारातंत्र सिकेको कुरा उल्लेख छ । यसबाट हिन्दूतंत्र चाँहि बौद्धतंत्रबाट प्रभावित भएको देखिन्छ ।

बौद्धतंत्र अनित्य, दु:ख र अनात्मामा आधारित छ । शून्यता भन्नु अनात्माकै परिस्कृत रुप मात्र हो । पाली त्रिपिटक ग्रन्थ अंगुत्तर निकायमा चित्तको प्रभास्वर संज्ञाको ध्यान गर्ने पद्धति उल्लेख छ तर कुनै पनि थेरावादी ग्रन्थहरुमा प्रभास्वर संज्ञाको ध्यान गर्ने तरिका बताइएको छैन् । वज्रयानका ध्यानहरु त्यही प्रभास्वर र शून्यता (अनात्मा) मा आधारित छन् ।

बौद्धतन्त्रहरु माध्यमिक दर्शनको चतुष्कोटि विनिर्मुक्त निष्प्रपंच अवस्थामा आधारित छन् । शास्वत अन्त र उच्छेद अन्तहरुबाट मुक्त अद्वय अवस्था प्राप्ति नै बौद्धतंत्र अभ्यासको लक्ष्य हो । बौद्धतन्त्रमा परमार्थ सत्ता मानिन्न । त्यस्तो परमार्थ सत्ता छैन् केवल उदय व्यय मात्र छ भन्ने कुराको बोध गर्न बौद्धतन्त्रहरुको अभ्यास गरिन्छ । बौद्धधर्ममा परमार्थ सत्य र परमार्थ सत्ता अलग कुरा हुन् भने हिन्दूधर्ममा परमार्थ सत्ता नै परमार्थ सत्य हो ।

त्यस्तै हिन्दूतन्त्रमा देवताको मंत्र, जपमा जोड दिइन्छ भने वज्रयानमा उत्पत्ति क्रम र सम्पन्न क्रमको अभ्यास गरिन्छ । देवताहरुको उत्पत्ति गर्नुलाई उत्पत्ति क्रम भनिन्छ भने त्यसरी उत्पत्ति गरिएको देव रुपलाई लय गरेर शून्यता अवस्थामा आराम गर्नुलाई सम्पन्न क्रम भनिन्छ । उत्पत्ति क्रम शमथ ध्यान हो भने सम्पन्न क्रम अभ्यास विपश्यना ध्यान हो । बौद्धतंत्रहरुमा देवी देवताहरुलाई आफ्नै मनको स्वरुप मात्र मानिन्छ । बौद्धतंत्रको देवता ध्यान भनेको चार स्मृत्युपस्थानहरु मध्येको चित्तानुपश्यना मात्र हो । हिन्दूतंत्रमा देवी देवतालाई ईश्वरको अंश मान्ने गरिन्छ । यसरी देवी देवतालाई हेर्ने वज्रयानी दृष्टिकोण पनि हिन्दू तंत्रहरु भन्दा भिन्न छ ।

नेपालमण्डलका नेवारहरु पनि शिवमार्गी र बौद्धमार्गी गरी दुई प्रकारका छन् । शिवमार्गी नेवारहरुका पुरोहितहरुलाई देउभाजु भनिन्छ भने बौद्धमार्गी नेवारहरुको पुरोहितहरुलाई गुरुभाजु भनिन्छ । त्यही गुरुभाजुलाई नै संक्षेपमा गुभाजु भनिएको हो । यसैबाट देखिन्छ कि हिन्दू (शिव) धर्ममा देवताको ठूलो महत्व हुन्छ भने बौद्ध धर्ममा देवताको धेरै महत्व नभएर गुरुको बढी महत्व हुन्छ । हिन्दूधर्ममा देवी देवतालाई ईश्वरको रुपमा मान्ने गरेको पाइन्छ भने बौद्धधर्ममा ध्यान गर्ने साधन रुपमा मानिएको पाइन्छ ।

हिन्दूतंत्र र बौद्धतंत्रमा देवी देवता, मंत्र, मुद्रा आदिको प्रयोग भए पनि दुवैको लक्ष्य र प्रयोग गर्ने तरीका अलग अलग भएकाले दुवै उस्तै हुन भन्न सकिन्न ।

**वज्रयान पनि बौद्धधर्म नै हो**

नेपालमण्डलमा अहिले थेरवादको प्रभाव बढ्दै गएको हुनाले धेरै व्यक्तिहरुले परम्परागत महायान/वज्रयानलाई छाड्दै छन् । बौद्ध कर्मकाण्डमा आस्था राख्ने व्यक्तिहरुलाई 'महायानी' भनेर होच्याउने गरेको पाइन्छ । हुन त प्राचिन र मध्यकालमै नेपालमा थेरवाद र महायानमा आस्था राख्ने प्रशस्त व्यक्तिहरु थिए । तर नेवार समुदायमा भिक्षु बन्ने क्रम बन्द भए पछि महायान मात्र बाँकी रह्यो भने राणाकालको



copyright©Lotus Research Centre, 2008

अन्ततिर फेरि थेरवादी भिक्षु बन्ने प्रकृया शुरु भयो । अहिले धेरै थेरवादी विहार बनेका छन् र थेरवादमा आस्था भएका धेरै व्यक्तिहरु छन् । तर अहिलेका थेरवादीहरुमा संस्कृतको ज्ञान अल्प छ भने अंग्रेजी भाषा तथा आधुनिक ज्ञान विज्ञानमा धेरै अगाडि रहेको पाइन्छन् ।

पाश्चात्य शिक्षा पाएका अहिलेका थेरवादीहरुले महायान/वज्रयान बौद्धधर्मलाई पनि हिन्दूधर्म जस्तै रुढीवादी धर्म ठानेका छन् । तर गहिरिएर त्रिपिटक शास्त्रको अध्ययन गर्ने हो भने वज्रयानमा प्रचलित धेरै कुरा त्रिपिटकमै पाइन्छन् । मज्झिमनिकाय अन्तर्गत मारतज्जनीय सुत्तमा भगवान् बुद्धले भन्नुभएको छ कि ककुच्छन्द बुद्धले नाग अवलोकन नामक मंत्रको प्रयोग गरेर मारलाई दमन गरेका थिए । अंगुत्तर निकायमा पंचवली चढाउने कुराको उल्लेख छ । नागहरुको भयबाट बच्न र यक्षहरुबाट विध्न नआओस् भन्ने उद्देश्य राखेर परित्राण सूत्रहरु पढ्ने चलन थेरवादी प्रचलनमै छ । बच्चा जन्माउन लागेको बेलामा अंगुलीमालसूत्र पाठ गराउन भिक्षुहरुलाई लगाइन्छ । श्रीलंकामा जिनपन्जराय नामक पोथ पाठ गरिन्छ जसमा शरीरका विभिन्न अंगहरुमा अर्हतहरुको न्यास गरिन्छ ।

सद्धातिस्स नामक थेरवादी आचार्यको पुस्तक 'द बुद्धज वे' को एघारौं अध्यायको पृष्ठ ७५ मा शमथ ध्यानको वयान गर्ने क्रममा वर्ण कसीणको विस्तृत ध्यान पद्धति दर्शाइएको छ । त्यसमा मण्डलको प्रयोग विधि वयान गर्दा तिब्बतमा प्रचलित मण्डल जस्तो भनेर स्पष्ट उल्लेख गरिएको छ । यहाँ स्मरणीय कुरा के छ भने तिब्वतमा प्रचलित मण्डल काठमाण्डू उपत्यकाका मण्डलहरु अनुसार नै बनाइएका हुन्छन् । अर्को थेरावादी विपश्यना आचार्य ज्याक कर्नफिल्डको 'लिभिङ बुद्धिष्ट मास्टर्स' भन्ने पुस्तकमा पनि लाओसका विपश्यना गुरुहरुले धेरै साधना गरि सकेका शिष्यहरुको लागि मण्डल ध्यानको व्यवस्था गरेको कुरा उल्लेखित छ । थेरवादी देश श्रीलंकामा इन्द्रलाई बौद्धधर्मको धर्मपाल मानेर उनको उत्सव मनाउने चलन अहिले सम्म कायम नै छ ।

यहाँ बुझ्नु पर्ने कुरा के छ भने नेपालमण्डलका महायानी वज्राचार्यहरुले गर्ने कर्मकाण्ड र ध्यान पद्धति त्रिपिटक शास्त्रको विरुद्ध देखिन्न । दीर्घ निकायमा आफ्नो संस्कृती नछाडिकन पनि बौद्ध दृष्टि अपनाएर साधना गर्न सकिन्छ भनि भगवान् बुद्धले बताउनु भएको छ । साथै नेपालमण्डलका बौद्ध नेवारहरुमा स्थविरवाद (थेरवाद) को जस्तै भिक्षु बन्ने चलन छ । भिक्षु बनेर विनय सूत्रहरुमा बताइए अनुसार शील पालना गरेर बसी सकेपछि मात्र भिक्षु शील छोडाएर बोधिसत्व संवर दिने चलन छ । बोधिसत्व संवरमा दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा पारमिता जस्ता षट्पारमिताको अभ्यासमा जोड दिइन्छ । त्यसपछि मात्र वज्रयान पद्धतिको अभिषेक (देखा) दिइन्छ । त्यसपछि गरिने ध्यान पनि ईश्वरवादी तथा आत्मावादी ध्यान नगराएर शून्यता, अनित्यलाई नै आधार मानेर देवमण्डलको अभ्यास गराइन्छ । देव मण्डलको भावना शमथ र विपश्यना गर्ने तरीका नै हुन भन्ने कुरा पहिले नै उल्लेख गरि सकिएको छ ।

वज्रयानीहरुले पनि पंचशील पालना गरेको देखिन्छ । सधैं संभव नभए विशेष दिनहरुमा उपोषध व्रत बसेर पंचशील, अष्टशील पालना गरेको देखिन्छ । हरेक अनुष्ठानको शुरुमा त्रिरत्न शरण गमन अनिर्वाय रुपमा गरिन्छ । भगवान् बुद्धका जातक कथा तथा अवदानहरुको वाचन र श्रवण गरिन्छ । यसरी विभिन्न पक्षहरुबाट हेर्दा महायानी/वज्रयानीहरु पनि बुद्ध शासनकै अगंको रुपमा देखा पर्छन् ।

## नेपाल मण्डलमा महायानको वर्तमान स्थिति

लिच्छवीकाल देखि नै प्रवल रुपमा रहेको महायान/वज्रयान बौद्धधर्मले नेपालमा धेरै बलियो जरा गाडेको पाइन्छ । हिन्दु राजाहरुले वेला वखतमा हिन्दूकरण गर्न खोजे पनि महायानीहरुले आफ्नो पृथक अस्तित्व कायम राख्न सकेका छन् । हिमाल पारी सम्म आफ्नो कला कारिता फैलाउन सफल महायानी कलाकारहरुले अहिले विश्व बजारमा पनि आफ्नो स्थानलाई उच्च राख्न सकेका छन् । नेपालका पौभा चित्र, भित्ति चित्र, मूर्तिहरु विश्व प्रसिद्ध छन् । हस्तकलाका यी सबै पक्षहरुमा महायानी बौद्धधर्मको गहिरो छाप परेको पाइन्छ । यस्तो जीवन्त संस्कृति भएका बौद्धमार्गीहरुको वर्तमान स्थितिलाई विभिन्न दृष्टिकोण बाट प्रस्तुत गर्न लागिएको छ ।



copyright©Lotus Research Centre, 2008

**महायान/वज्रयान रीति रिवाज**

समग्रमा भन्ने हो भने काठमाण्डू उपत्यका कै संस्कृति रीतिरिवाज प्रधान संस्कृति हो । यहाँ प्रशस्त मात्रामा जात्राहरुको आयोजना भई रहन्छ । उर्वर जमीनमा प्रशस्त अनाज उत्पन्न हुने भएकाले र व्यापारबाट पनि प्रशस्त आम्दानी हुने भएकाले यहाँको जनजीवन नै नेपालका अन्य भागको भन्दा भिन्न छ । साथै महायान वज्रयानको सैद्धान्तिक पक्ष बुझ्न गाह्रो भएकाले यहाँका बौद्धमार्गी बासिन्दाहरुले आफूलाई पूजा, व्रत जस्ता व्यावहारिक कुराहरुमा आफूलाई ढालेका छन् ।

जीवनमा बौद्ध नेवारहरुले दश कर्महरु गर्नु पर्छ । पं. बद्रीरत्न वज्राचार्यका अनुसार गर्भाधान, पुंसवन, सीमन्तोपनयन, जातकर्म, नामाकरण, उपनयन, अन्नप्राशन, चूडाकर्म, शील प्रदान, व्रतमोक्षण, पाणीग्रहण नै बौद्ध नेवारहरुमा प्रचलित दश कर्महरु हुन् । यी सबै कार्य गर्न वज्राचार्य अनिवार्य रुपमा उपस्थित हुनु पर्छ । भारतको वज्रयानको इतिहासमा यी कुराहरुको उल्लेख नहुनु र तिब्वतमा हाल पनि यस्ता संस्कारहरु प्रचलनमा नहुनुबाट के स्पस्ट हुन्छ भने यो चलन नेपालमण्डलको बौद्धहरुको उपज हो भनी मान्न सकिन्छ । हिन्दू संस्कार प्रचलित भएको स्थानमा उस्तै खालका संस्कार चलाएर बौद्धधर्म कायम राख्न यस्तो काम गरिएको हुनु पर्छ ।

त्यस्तै महायानीहरुले चैत्य पूजा, विहार पूजा, पीठ पूजा, हारति पूजा, महाकाल पूजा, दिग् पूजा, ग्रह पूजा, कूलदेवता पूजा, इष्टदेवता पूजा, नाट्येश्वर पूजा, नाग पूजा, भूत पूजा जस्ता पूजाहरु पनि नियमित रुपमा गर्ने गर्छन् । पाटनमा मतयाः पूजा नामक हरेक विहारका स्तुप, देवी देवताको स्थानमा गएर पूजा गर्ने गरिन्छ । धर्मधातु व्रत, वज्रधातु व्रत, अमोधपाश व्रत, आर्यतारा व्रत, बसुन्धरा व्रत, पंचरक्षा व्रत जस्ता धेरै व्रतहरु बस्ने गरिन्छ । भाद्र महिनामा हुने वसुन्धरा व्रतमा धेरै ठूलो सहभगिता भएको पाइन्छ । बौद्ध परम्परामा धनकी देवी मानिने वसुन्धराको नियमित व्रत पूजा गर्नको लागि गुठीको पनि व्यावस्था गरेको पाइन्छ ।

नेपालमण्डलका शाक्यहरु पहिले भिक्षु थिए । पछि भिक्षु छोडेर गृहस्थ जीवनमा प्रवेश गरेपछि भिक्षु नियमहरु पालना गर्नको लागि अष्टमी तिथिका दिनमा अमोघपाश लोकेश्वरको सामुन्ने अष्टशील ग्रहण गरेर उपोषध व्रत बस्छन् । बौद्धधर्म प्रचलित पंचशील (हत्या नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झूठ नबोल्नु, मादक पदार्थ सेवन नगर्नु) को अलावा विकाल भोजन नगर्नु ; नाचगान र सुगन्धबाट अलग हुनु तथा उच्च आसनमा नसुत्नु नै अष्टशील हुन् । भिक्षु जीवनको संझनाको रुपमा गरिने यो व्रतमा धेरै नेवारहरु सम्मिलित भएका पाइयो ।

तीर्थ सेवाको पनि नेवार समुदायमा ठूलो महत्व छ । द्वादश तीर्थ, अष्ट वितराग, उपतीर्थ, स्वयंभूका पंच तीर्थको धेरै महिमा रहेको पाइन्छ । भारतवर्षमा चक्रसंवरका २४ पीठहरु भए जस्तै काठमाण्डू उपत्यका (नेपालमण्डल) मा पनि त्यस्तै २४ पीठहरु रहेका छन् भन्ने विश्वास गरिन्छ । कुनै ध्यान गर्न गुफा वस्नु पहिले पीठ सेवामा जानु पर्छ भन्ने मान्यता महायानीहरुमा छ । अष्ट मातृकाहरु रहेको स्थानलाई पनि तीर्थ मान्ने चलन छ ।

कुनै पनि पूजा गर्दा शुरुमा गुरुमण्डलार्चन पूजा गरिन्छ । कुनै दान गर्दा पनि गुरु मण्डल पूजा नै गर्ने गरेको पाइन्छ । पुष्प, धूप, आलोक, गन्ध र रस द्वारा गरिने पूजालाई पंचोपचार पूजा भनिन्छ । कुनै रोगको उपचार गर्न वा आयु लम्व्याउनको लागि विहान, दिउँसो र बेलुकी तारा पूजा गरिन्छ ।

वन्दन, पूजन, देशन, याचन, अनुमोदन, अध्येषण र परिणामन सहितको पूजालाई सप्त विधानोत्तर पूजा भनिन्छ । यो पूजा चाहिं भारत वर्षमा पनि प्रचलित थियो भने हिमाली क्षेत्रमा अहिले पनि प्रचलित छ । बुद्ध वा देवी देवता अगाडि झुक्नुलाई वन्दन भनिन्छ भने फूल, धूप, गन्ध, आदिले पूजा गर्नुलाई पूजन भनिन्छ । काय, वाक्, चित्तले गरेका अकुशल कर्महरुको प्रायश्चित्त गर्नुलाई देशन भनिन्छ । अरुहरुले गरेका कुशल कर्ममा खुशी हुनु अनुमोदन हो भने बुद्धलाई उपदेश दिनु होस् भनी अनुरोध गर्नु याचना हो । बुद्धलाई निर्वाणमा नगईकन उपदेश दिइ रहनुहोस् भनि प्रार्थना गर्नु अध्येषणा हो भने आफूले गरेका कुशल



copyright©Lotus Research Centre, 2008

कर्महरुलाई अरुहरुको हितको लागि प्रदान गर्नु वा बाड्नु परिणामना हो । सामान्यतया गण्डव्युह सूत्र अर्न्तगत रहेको भद्रचरी प्रणिधानको आधारमा सप्ताङ्ग पूजा गर्ने गरेको पाइन्छ ।

यस्ता पूजा तथा अनुष्ठानहरुमा वज्राचार्य, शाक्य, तुलाधर, कंसाकार, स्थापित, मानन्धर, महर्जन जस्ता बौद्ध नेवारहरुको उत्तिकै सहभागिता रहेको पाइन्छ ।

रातो मछेन्द्रनाथको भोटो जात्रा भव्य रुपमा मनाइन्छ । श्री ५ महाराजाधिराज सरकारको समुपस्थितिमा जावलाखेलमा मछेन्द्रनाथको भोटो देखाइन्छ । त्यस्तै काठमाण्डूमा सेतो मछेन्द्रनाथको रथ यात्रा हुन्छ । श्रावण महिनामा एक महिनासम्म गुंलाधर्म मनाइन्छ । त्यसबेलामा नेपालमण्डलका विभिन्न बहा र बहिहरुमा रहेका देवताहरुको प्रर्दशन गरिन्छ । नियमित रुपमा स्वयंभू दर्शन गर्ने काममा सबै बौद्धमार्गीहरुको सहभागिता हुन्छ । उक्त अवधिभर महायानी तथा थेरवादी गुरुहरु, भन्ते र गुरुमाहरुबाट बौद्धधर्मका विविध पक्षमा प्रवचन कार्यक्रम सम्पन्न हुन्छ ।

स्तूप निर्माण र पूजन पनि महायान/वज्रयान संस्कृतिको अभिन्न अंग हुन । महायानीहरुले स्वयंभू चैत्यलाई सबैभन्दा बढी श्रद्धा गर्छन । हरेक बहा तथा बहीमा अनिर्वाय रुपमा चैत्य स्थापना गरिएको हुन्छ । हरेक विहान चैत्य पूजा गर्ने गरिन्छ ।

**बज्राचार्यमा मात्र सीमित अधिकार**

शास्त्रीय रुपमा भन्ने हो भने वज्राचार्य भनेको वज्रयानका अभिषेक दिन सक्ने र वज्रयान दर्शन व्याख्या गर्न सक्ने व्यक्ति हुन । यो कुनै जाति विशेष नभएर पदको नाम हो । तर अहिले आएर नेपालमण्डलमा वज्राचार्यले जातको रुप धारण गरिसकेको छ । सामाजिक रुपमा वज्राचार्यको स्थान सबै भन्दा उच्च रहेको पाइन्छ । हरेक महायानी साधकले वज्राचार्यबाट विभिन्न चरणका अभिषेक लिनु पर्छ । शुरुमा भिक्षु बन्नु पर्ने हुन्छ । त्यसपछि चार दिन सम्म भिक्षुशील पालना गरे पछि बोधिसत्व संवर प्रदान गरिन्छ । त्यस पछि वज्रयानको अभिषेक (देखा) प्रदान गरिन्छ ।

नेपाल मण्डलका सबै जसो विहारमा चक्रसंवरको देखा दिने गरेको पाइन्छ । सामान्यतया चक्रसंवर अगाडि चण्डमहारोषणको देखा (अच देखा) दिइन्छ । काठमाण्डूको तक्ष बहालमा योगाम्बर नामक तान्त्रिक देवताको पनि देखा दिइन्छ । काठमाण्डूका पं. बद्रीरत्न वज्राचार्यले वज्रधातु र धर्मधातुमण्डलको पनि अभिषेक दिएको पाइयो भने पाटन लगनखेलका रत्नराज बज्राचार्यसंग हेवज्रको अभिषेक रहेको पाइयो । तर पनि चक्र संवरको देखा नपाए सम्म कुनै पनि बज्राचार्य, शाक्य र तुलाधरले आगमघर नामक तांत्रिक पूजास्थलमा पस्न पाउदैन । चक्रसंवरको देखा भएको बेलामा चर्यागीत र नृत्यको पनि प्रदर्शन गरिन्छ । यी तीन थरिका बौद्ध मार्गीहरु बाहेक अरुहरुलाई महामण्डलको अभिषेक (चक्रसंवर देखा) दिइन्न ।

ध्यान गर्ने विधि पाए पनि शाक्य र तुलाधरले आचार्य अभिषेक पाउँदैनन् । आर्चाय अभिषेक नपाएको व्यक्तिले अरुलाई अभिषेक दिन मिल्दैन । त्यसैले वज्राचार्यको अधिकार अरु जातिमा सर्न पाउदैन । साथै होम आदि गर्न र कर्मकाण्ड गर्न वज्राचार्य नै चाहिन्छ । यसले गर्दा वज्राचार्यहरुलाई हिन्दू ब्राह्मणसंग तुलना गर्ने गरेको पाइन्छ । तर भारतको बौद्धधर्मको इतिहासमा यस्तो जातिय विशेषधिकार रहेको पाइदैन भने नेपालको उत्तरी भेग लगायत तिब्वत, भुटान, सिक्किममा पनि यस्तो विशेषधिकार कुनै विशेष वर्गमा मात्र सीमित रहेको पाइन्न । तसर्थ यस्तो जातीय बन्धन महायान/वज्रयानको सामान्य लक्षण नभएर केवल नेपालमण्डलको मात्र बिशेषता मान्नु पर्दछ ।

नेपालमण्डलको महायान/वज्रयान कस्तो बनाउने भन्ने सम्वन्धमा वज्राचार्य समुदायकै गम्भीर भूमिका छ । शाक्यहरु वा तुलाधरहरुको प्रयाशबाट मात्र स्थितिमा सुधार हुन सक्ने अवस्था छैन । हालको बदलिदो अर्थ व्यवस्थामा जजमानहरुबाट प्राप्त दान दक्षिणाबाट मात्र गुजारा गर्न नसकिने भएकोले वज्राचार्यहरुले नयाँ पेशा अपनाउने क्रम तीब्र भएको पाइन्छ । पुरानो पुस्ताका वज्राचार्यहरु सकिएपछि महायान/वज्रयानमा गंभीर संकट देखा पर्न सक्छ ।



copyright©Lotus Research Centre, 2008

**महायानी समाजमा नवसूत्रको स्थान**

भगवान् बुद्धले दिएका अनगिन्ती सूत्रहरु मध्ये नौं वटा सूत्रहरुको नेपालमण्डलमा धेरै ठूलो महत्व रहेको पाइन्छ । अष्टसाहस्रिका प्रज्ञापारमिता सूत्र, गण्डव्यूह सूत्र, लकांवतार सूत्र, सद्धर्मपुण्डरिक सूत्र, ललितविस्तर सूत्र, सुवर्णप्रभास सूत्र, तथागतगुह्यक सूत्र (गुह्यसमाज तंत्र), दशभूमिक सूत्र र समाधिराज सूत्र नै नव सूत्र संग्रह हुन् । यी मध्ये पनि भगवान् बुद्धको जीवनीसंग सम्वन्धित ललितविस्तर सूत्रको धेरै ठूलो महिमा रहेको पाइन्छ । प्रज्ञापारमिता सूत्रलाई त सुनको मसीले लेखेर राखिएको पनि पाईन्छ । वज्राचार्य गुरुहरुबाट यी सूत्रहरुको पाठ गराएर श्रवण गर्ने चलनले गर्दा पक्कै पनि नेपालमण्डलका बौद्धमार्गीहरु बौद्धदर्शन र अभ्याससंग परिचित हुनु पर्छ ।

**महायान संरक्षणको प्रयासहरु**

नयाँ पिढिमा महायान वज्रयानका परम्परा कायम राख्नको लागि काठमाण्डू तथा पाटनमा विभिन्न प्रयाशहरु भएको पाइन्छ । पं. बद्रीरत्न वज्राचार्यको संकृयतामा महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गतको वाल्मिकी विद्यापीठमा वज्राचार्य प्रशिक्षण कार्य भई रहेको छ । नेपालमण्डलका धेरै वज्राचार्यहरुले यस कार्यक्रमबाट लाभ लिई रहेको पाइयो । साथै वाल्मिकी विद्यापीठका बौद्ध दर्शन सिकाउने कार्यक्रम पनि रहेको पाइयो । तर वज्राचार्यहरु भन्दा ब्राह्णहरु नै बढी लाभान्वित भएको पाइयो ।

पाटनको अक्षेयश्वर महाविहारमा पनि बौद्ध संस्कृत प्रशिक्षण कार्यक्रम संचालन गरिएको छ । पाटनका विभिन्न बौद्ध संस्थाहरुको सक्रियतामा वज्राचार्यहरुलाई प्रशिक्षण दिने गरिन्छ । लोटस रिसर्च सेन्टरको प्रयाहबाट संस्कृत भाषाका ग्रन्थहरुलाई नेवारी भाषामा अनुवाद गरेर प्रकाशन गर्न थालिएको छ । विभिन्न व्यक्तिहरुको प्रयाशबाट गुरुमण्डलार्चन विधि, कलशार्चन विधि, त्रिसमाधि जस्ता वज्रयानी ग्रन्थहरु नेवारी भाषामा प्रकाशित भई सकेका छन् । भुरुङ खेलका पं. रत्नकाजी वज्राचार्यले पनि चर्यागीत (चचा), चर्या नृत्यका साथै वज्रयानका विविध पक्षमा ग्रन्थहरु रचना गर्नु भएको छ ।

महायान/वज्रयानको दार्शनिक पक्षको बारेमा काठमाण्डू महाबौद्धका पण्डित दिव्य वज्र वज्राचार्यले उल्लेखनीय योगदान गरिरहनु भएको छ । उहाँले नेपालमण्डलमा प्रचलित नवसूत्र संग्रहको नेपाली अनुवाद प्रकाशित गर्नुको साथै लंकावतार सूत्र, बोधिचर्यावतार जस्ता दार्शनिक ग्रन्थहरु नेवारी भाषामा प्रकाशित गर्नु भएको छ । साथै पाटनका गुरुजु पं. आशाकाजी वज्राचार्य तथा पं. हेमराज शाक्यज्यूले पनि ग्रन्थहरुको प्रकाशनबाट उल्लेखनीय योगदान गरेको पाइयो ।

महायान/वज्रयान उत्थानका प्रयाशहरु त्यति प्रभावकारी भने छैनन् । विज्ञान प्रविधिको धेरै हदमा विकास भइसकेको र थेरवाद परम्पराको धेरै प्रचार प्रसार भएको वर्तमान परिस्थितिमा यस्ता प्रयाशहरुबाट मात्र महायान वज्रयानको उचित संरक्षण र संवर्धन होला भन्न सकिने स्थिति छैन । दार्शनिक कुराहरुको राम्रो ज्ञान नभएसम्म त्यसमा आधारीत व्यवहारीक कुराको सुधारबाट मात्र उचित संवर्धन हुन सक्दैन् ।

**महायानको स्थिति सुधारको लागि उपायहरु**

नेपालको गौरव उच्च राख्नमा महायान बौद्धधर्मको धेरै ठूलो हात छ । नेपाली महायानी कलाकारहरुले तिब्वतको ल्हासा, शिगात्से, साक्या, आदि ठाँउमा आफ्नो उच्चतम कलाकारिता प्रर्दशन गरेका थिए । नेपालको मुस्ताङ, डोल्पा आदि बौद्ध धर्मालम्बी क्षेत्रमा पनि नेपालमण्डलका कलाकारहरुले बनाएका मूर्ति, गजूर, भित्ती चित्र, पौभा अहिले सम्म पाइन्छन । कलाकार अरनिकोले त चीनमा सम्म आफ्नो उत्कृष्ट प्रतिमा देखाएका थिए । उनका उत्तम कृतिहरु अहिले सम्म कायम नै छन् ।

भृकुटीको विवाह सम्राट स्रङचङगम्पो संग हुदाँ उनी संगै शीलमञ्जु नामक नेपाली बौद्ध गुरु पनि तिब्वत गएर धर्म प्रचार गरेका थिए । तिब्वतको पहिलो गुम्बा साम्ये निर्माण गर्दा काठमाण्डू उपत्यकाका कलाकारहरुले काम गरेका थिए । तिब्वतका बौद्धमार्गीहरु बौद्धधर्म सिक्नको लागि नेपालमण्डल आँउथे भने नेपाली बौद्ध गुरुहरुलाई तिब्वत झिकाउने चलन पनि थियो । तिब्वती गुरुहरुको कुल परम्परामा नेपाली गुरुहरुको नाम पनि बारम्बार आई रहन्छ । यसमा काठमाण्डू तक्षवहालका सुरतव्रजको धेरै ख्याति रहेको



copyright©Lotus Research Centre, 2008

पाइन्छ । मल्लकालमा तिब्वतबाट आएका गुरुहरुसंग नेपालीहरुले अभिषेक लिएको पाइन्छ । यसबाट के देखिन्छ भने नेपालीहरुले अरुहरुसंग पनि अभिषेक लिन्थे र अरुहरुलाई पनि अभिषेक दिन्थे ।

हाल आएर नेपालमण्डलका वज्राचार्यहरुमा कठोरता आएको देखिन्छ । वज्राचार्य थर भएका व्यक्ति बाहेक अरुहरुलाई वज्राचार्य अभियेक दिइन्न भने शाक्य र तुलाधर बाहेक अरुहरुलाई चक्रसंवरको अभिषेक नै दिइन्न । तिब्वतीहरुलाई अभिषेक दिने र उनीहरुबाट अभिषेक लिने त संभावना नै देखिन्न । नेपालका ब्राहण, क्षत्रीयहरुलाई वज्रधातुमण्डल सम्मको अभिषेक दिइएको पाइन्छ । यस्तो संकुचित धारणाले गर्दा नै नेपाल मण्डलको महायान/वज्रयान कमजोर बन्दै गएको छ । तर शाक्य, तुलाधर जस्ता गैर – पुरोहित बौद्धमार्गीहरुमा भने धेरै खुलापन रहेको पाइयो । उनीहरु तिब्वती लामा गुरुहरुसंग अभिषेक लिन लालायित भेटिन्छन् र आफ्ना घरमा लामाहरु बोलाएर पूजा पनि गराउँछन् । धेरै नेवारहरु थेरवादी भिक्षुहरु घरमा बोलाएर बुद्ध पूजा गराउन र परित्राण पाठ गराउन लगाउँछन् ।

लामा र थेरवादी भिक्षुहरुको प्रभाव वढ्दै गएपछि परम्परागत संरचनामा परिवर्तन आउन सक्छ । लामाहरुले तिब्वती भाषामा पूजा गराउछन् भने भन्तेहरुले पाली भाषा प्रयोग गर्छन । संस्कृत भाषाको माध्यमबाट पूजा हुँदै आएको नेवार संरचनामा हेरफेर हुँदैछ । वज्राचार्यहरु पनि शुद्ध बौद्धमार्गीहरु नै भएकाले जातपात, छुवाछुतको धारणामा परिवर्तन गरेर सबैलाई महायान/वज्रयानका उपदेशहरु सुलभ गराउनु पर्ने देखिन्छ । महायान/वज्रयानमा पनि थेरवादमा भएका तत्वहरु छन् भन्ने कुरा जन समुदायलाई देखाउन सक्नु पर्छ ।

अहिले बौद्ध ध्यान भन्ने वित्तिकै शमथ र विपश्यना बुझ्ने गरिन्छ । देवी देवताको ध्यान, पूजा व्रतलाई हिन्दू ध्यान भन्ने गरिन्छ । देवी देवताको उत्पत्तिक्रम र सम्पन्नक्रमका भावनाहरु पनि शमथ र विपश्यना नै हुन भन्ने कुरा बुझाउन सक्नु पर्छ । हिन्दू ध्यान पद्धति र महायान/वज्रयान ध्यान पद्धतिको भेद छुट्याउन दुवैको तुलनात्मक अध्ययन वज्राचार्य वर्गबाट गरिनु पर्छ । साथै थेरवादसंगको अन्तर सम्बन्ध पनि बुझ्नु पर्छ ।

स्वयंभू तथा बौद्धनाथ क्षेत्रमा रहेका लामा गुरुहरुसंग पनि बौद्ध अभिषेकहरुको अटुट् परम्परा कायम छ । उनीहरुले पनि पहिले नेपाली गुरुहरुबाटै विधिवत् रुपमा अभिषेक लिएका थिए र नेपाली गुरुहरु प्रति अगाध श्रद्धा राख्छन् । नेपालमण्डलका वज्राचार्यहरुले उनीहरुसंग सम्पर्क राखेर आफूसंग नपुग सामग्रीहरु लिने प्रयास गर्नु पर्छ । यहाँको वज्राचार्यहरुसंग ग्रन्थहरु त सुरक्षित नै छन् । तिनै ग्रन्थहरुको आधारमा लामाहरुसंग तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

अहिले नेपालमण्डलका धेरै नेवारहरु संस्कृत भाषाको विरोधमा छन् । आफ्ना शास्त्रहरु सबै संस्कृत भाषामा रहेका र वज्राचार्यहरुले प्रयोग गर्ने पूजा विधिको भाषा पनि संस्कृत भएकाले तिनीहरुलाई नेपाल भाषामा अनुवाद गरि सकेर विरोध गर्नु उपयुक्त देखिन्छ । अहिले नै संस्कृत भाषाको पूर्ण विरोध गर्ने हो भने महायान/वज्रयान संस्कृति कै लोप हुन सक्छ । अहिले प्रचलित संस्कृति कै लोप हुन सक्छ । अहिले प्रचलित संस्कृत भाषाको ज्ञानले मात्र महायान/वज्रयानका सबै पक्ष स्पष्ट पार्न सकिदैन । कतिपय चर्यागीतहरु प्राकृत र अपभ्रंश संस्कृत भाषामा छन् । ती भाषाका विद्वानहरुको सहयोगबाट जटील कुराहरुलाई सरल नेवारी भाषामा ल्याउने प्रयास गर्नु पर्दछ ।

आधुनिकीकरणको कारणले वज्राचार्य पुरोहितलाई हेय दृष्टिकोणले हेर्ने प्रवृत्ति विकसित हुँदैछ । यसको लागि वज्राचार्य पदलाई सम्मानित पद बनाउन प्रयाश गर्नुपर्छ । जातको वज्राचार्य नभएर बौद्धधर्मका विविध विधामा सुपठित वज्राचार्यहरु तयार गर्ने अध्ययन संस्थाहरु खोल्नु पर्छ । आफ्नो संस्कृतिमा गौरव गर्ने शिक्षित तथा धनी जजमानहरुले आफ्ना वज्राचार्य पुरोहितहरुलाई युग सुहाँउदो दान दक्षिणा दिने चलन चलाउनु पर्छ । यसो गर्दा सुयोग्य युवा वज्राचार्यहरु जीवन धान्नको लागि अरु पेशामा गई रहनु पर्दैन ।

भिक्षु हुन चाहने व्यक्तिलाई उचित संरक्षण दिनु पर्छ । भिक्षु, भिक्षुणी, उपासक र उपासिका संघ नभएको स्थानमा बौद्धधर्म पूर्ण रुपमा रहेको मानिन्न । चार दिने भिक्षु मात्र नबनाएर इच्छुक व्यक्तिहरुलाई जीवन भर भिक्षु बन्न सक्ने स्थिति सिर्जना गरेर महायान/वज्रयान धर्म भित्र उपसंपदा परम्परा पनि जीवित राख्नु पर्छ । यसका लागि थेरवादी भिक्षुहरुबाट आवश्यक सहयोग लिन हिचकिचाउनु हुँदैन ।



copyright©Lotus Research Centre, 2008

अन्तमा बौद्धधर्मका प्रज्ञा र उपायरुपी दुवै पक्षको साथसाथै विकास हुन पर्छ । कर्मकाण्ड आदि उपाय पक्ष हुन भने तिनीहरुकै सैद्धान्तिक आधार प्रज्ञा पक्ष हो । बौद्ध सिद्धान्तसंग तालमेल नराख्ने पूजा विधिले मात्र बौद्ध धर्मको विकास हुदैन । वर्तमान परिस्थितिमा प्रज्ञा पक्षमा जोड दिनु अत्यन्त आवश्यक छ ।

**॥ भवतु सर्वमंगलम् ॥**



copyright©Lotus Research Centre, 2008